तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको २६औं बैठकको निर्णयहरु मिति २०८१।०७।१३ गते (ने.सं. ११४४ [illegible])

**निर्णय नं.१** तुलसीपुर उपमहानगरपालिकामा कार्यरत रही अनिवार्य अवकाश तथा राजिनामा स्वीकृत गराई सेवा निवृत्त भएका हालसम्मका कर्मचारीहरुको उपदान लगायतका सुविधा बापतको रकम कानुन बमोजिम भूक्तानी प्रदान गर्ने ।

**निर्णय नं.२** नेपाल सरकार तथा प्रदेश सरकारबाट सञ्चालित विभिन्न कार्यक्रममा कार्यरत कर्मचारीहरुको अपुग पारिश्रमिक तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिने ।

**निर्णय नं.३** तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिका अन्तर्गत कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा सार्वजनिक सेवा तथा सुशासन समितिको प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनका लागि आगामी नगर सभामा पेश गर्ने ।

**निर्णय नं.४** तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नायव पशु स्वास्थ्य प्राविधिक सहायकस्तर चौथो श्री टिका न्योपानेलाई मिति २०८१।०८।०१ देखि लागु हुने गरी B., V. Sc. And A.H. अध्ययनको लागि २ बर्षको थप अध्ययन विदा स्वीकृतिको लागि सिफारिस गर्ने ।

**निर्णय नं. ५** देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने ।

क) जि-टु-जि कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ख) मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०८१

ग) कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि, २०८१

**निर्णय नं. ६** ठेक्का नं. TSMC/NCB/W/06/2081/082 र TSMC/NCB/W/04/2081/082 को लागि पेश हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा न्यूनतम मुल्याङ्कित कबोल गर्ने बोलपत्रदाता RD BildersPvt.LtdShailyshaikhar – Darchula ले पेश गरेको बैंक जमानतको मान्य अवधि ४(चार) दिन अपुग भएको र उक्त बोलपत्र स्वीकार नगरी सो लगत्तै अर्को दोश्रो बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन गर्दा कार्यालयलाई दुबै ठेक्काबाट गरी रु३८,२१,९५०.३२।– (अठतिस लाख एक्काइस हजार नौ सय पचास रुपैयाँ र बत्तीय पैसा मात्र) (मू.अ. कर बाहेक) थप आर्थिक भार पर्ने देखिएकोले बैंक जमानतको अपुग अवधि थप गरी आएमा उक्त बोलपत्र दाताको बोलपत्रस्वीकृत गर्ने र बैंक जमानतको अपुग अवधि थप नगरेमा पहिलो बोलपत्रदाताको बैंक जमानत जफत गरी पुनः बोलपत्र आव्हान गर्ने ।

**निर्णय नं.७** तुलसीपुर उपमहानगरपालिका नगर शिक्षा समितिको मिति २०८१।०७।०५ गतेको बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ८ तपसिल बमोजिमका 'घ' वर्गको निर्माण व्यावसायीहरुलाई ईजाजत प्रदान, नविकरण, नामसारी तथा ठाउँसारी गर्नको लागि स्वीकृति प्रदान गर्ने।

तपसिल

| सि.नं. | निर्माण कम्पनिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सम्बृद्धि कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज प्रा.लि. | तुलसीपुरउ.म.न.पा.१२,दाङ | नयाँइजाजत |
| २ | ए.बि.एम. बिल्डर्स एण्ड डेभलपर्स | तुलसीपुरउ.म.न.पा.६,दाङ | नयाँ ईजाजत |
| ३ | सुबेदी हाउजिङग कन्स्ट्रक्सन प्रा.लि. | तुलसीपुरउ.म.न.पा.६,दाङ | नयाँ ईजाजत |
| ४ | काल भैरब सि.पि. निर्माण सेवा | तुलसीपुरउ.म.न.पा.५,दाङ | नयाँ ईजाजत |
| ५ | विश्वास कन्स्ट्रक्सन एण्ड सप्लायर्स काठमाण्डौ महानगरपालिका -१० | हाल तुलसीपुरउ.म.न.पा.३,दाङ | ठाउँसारी |
| ६ | प्रमोसन निर्माण सेवा प्रा.लि. काठमाण्डौ महानगरपालिका -१४ | हालतुलसीपुरउ.म.न.पा.६,दाङ | ठाउँसारी |
| ७ | सि.एल.जि. कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ टोखा नगरपालिका -१४ | हालतुलसीपुरउ.म.न.पा.५,दाङ | ठाउँसारी |
| ८ | सिद्ध कुमाख बिल्डर्स प्रा.लि. काठमाण्डौ महानगरपालिका -१० | हालतुलसीपुरउ.म.न.पा.९,दाङ | ठाउँसारी |
| ९ | राडार बिल्डर एण्ड कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | तुलसीपुरउ.म.न.पा.५,दाङ | नविकरण |
| १० | पोखेल वन्धु निर्माण सेवा | तुलसीपुरउ.म.न.पा.७,दाङ | नविकरण |

निर्णय नं.९ तुलसीपुर उपमहानगरपालिकाबाट उत्पादित तुलसी मलको देहाय बमोजिम बिक्री मूल्य निर्धारण गर्ने र बिक्रि मूल्यको १० प्रतिशत रकम प्रोत्साहन भत्ताको रुपमा मल उत्पादन कार्यमा संलग्न कर्मचारीलाई उपलब्ध गराउने ।

तपसिल

क) प्रति के.जि. रु. २०।-(वीस)

ख) प्रति बोरा (२५ के.जि.) रु ४५०।-(चार सय पचास)

निर्णय नं.१० रासी आँखा अस्पतालको भवन निर्माणको लागि DPR को अधिनमा रही आवश्यक बजेट रु. ६,११,६०,१६२।८६ (अक्षेरुपी छकरोड एघार लाख साठी हजार एकसय बैसट्ठी) मात्र तुलसीपुर नगरपालिकाबाट बजेटको सुनिश्चितता गर्दै बोलपत्र निकाल्न स्कृति दिने ।

निर्णय नं.११ वडा नं. ३ को शिरखोलामा पक्की पुलको लागत अनुमान बमोजिमको बजेट रु.६,०२,२९,१०५।३५ (अक्षेरुपी छ करोड दुईलाख उनन्तिस हजार एकसय पाँच रुपैयाँ र पैतिस पैसा)मात्र नगरपालिकाको आन्तरीक श्रोतबाट खर्च व्यवस्थापनको सुनिश्चितता गर्दै बहुवर्षिय ठेक्काको लागि सुचना(टेण्डर) प्रकासन गर्न स्वीकृती प्रदान गर्ने ।

**निर्णय नं. १२** भू-उपयोगको लागि जग्गाको बर्गीकरण गर्दा पाँच हजार वर्गमिटर भन्दा बढी क्षेत्रफल भई गैर कृषि क्षेत्रको रुपमा वर्गीकरण गरिएकोमा तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका वडा नं. ५ र ६ भित्र पर्ने पाँच हजार वर्गमिटर भन्दा बढी क्षेत्रफल भएका जग्गालाई कृषि क्षेत्र अन्तर्गत बर्गीकरण गर्ने ।

**निर्णय नं. १३** तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयका लागि आवश्यक विघुत मिटर, जेनेरेटर तथा ट्रान्स मिटर खरिदका लागि थप वजेट रु.११,३५,६१६।२८ (अक्षेरुपी एघार लाख पैतिसहजार छसय अठार रुपैया पैसा अट्ठाईस) मात्र स्वीकृत गर्ने ।

**निर्णय नं. १४** तुलसीपुर उपमहानगरपालिकाको लागि आवश्यक चार पाङ्ग्रे सवारी साधन खरिद सम्बन्धी मिति २०८१/०६/०४ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं.१५** उच्च अदालत तुलसीपुरबाट घर नक्शा पास नगर्नु नगराउनु भनि आदेश भएको हुँदा तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ वस्ने शोभा विष्टले घर नक्शा पासका लागि बुझाएको राजश्व रकम रु२३,९६०।- (तेईस हजार नौ सय साठी रुपैयाँ) मात्र फिर्ता गर्ने ।

**निर्णयनं.१६** तुलसीपुर उपमहानगरपालिका भित्र बेवारिसे मृत पशु चौपाया तथा मानिसको शव व्यवस्थापनमा खटिने कर्मचारीलाई आगामी नगर सभावाट अनुमोदन गर्ने गरी २०८१ श्रावण देखि लागु हुने गरी तपसिल वमोजिमको भत्ता उपलब्ध गराउने ।

<u>तपसिल</u>

| क.सं. | विवरण | संख्या | कर्मचारी भत्ता(रु) |
|---|---|---|---|
| १ | मृत कुकुरको व्यवस्थापन | १ | ३००(तिन सय) |
| २ | मृत गाई/गोरुको व्यवस्थापन | १ | ६००(छ सय) |
| ३ | मृत भैसी/राँगा/घोडा/खच्चड व्यवस्थापन | १ | ८००(आठ सय) |
| ४ | वेवारिसे मानिशको शव व्यवस्थापन | १ | २०००(दुई हजार) |

व्यक्तिको स्वामित्वमा रहेका मृत पशु चौपायाहरुको व्यवस्थापन गर्न देहाय वमोजिम शुल्क २०८१ साल मंसिरदेखि अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने ।

<u>तपसिल</u>

| क. सं. | विवरण | कुल (रु.) | कार्यालय (रु.) | कर्मचारी (रु.) |
|---|---|---|---|---|
| १ | कुकुर | ८०० | ३०० | ५०० |
| २ | गाई/गोरु | १२०० | ४०० | ८०० |

२०८१/७/१३

| | | | | |
|---|---|---|---|---|
| ३ | भैसी/राँगा/घोडा/खच्चड | १५०० | ५०० | |

निर्णय नं. १७ तुलसीपुर उपमहानगरपालिकाभित्र सञ्चालित अटो रिक्सा सूचिकृत नवीकरणका लागि वार्षिक एकमुष्ट रु. १५००।– (एक हजार पाँच सय रुपैयाँ) शुल्क निर्धारण गर्ने ।

निर्णय नं. १८ सघन सहरी विकास कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गरी देहाय बमोजिम आयोजनाहरु सिफारिस गर्ने :

१. आ.व. २०८१/०८२ मा सञ्चालन हुने आयोजनाहरु

क) बनकट्टा स्कुलदेखि छविलाल वलिको घरसम्म जाने सडक निर्माण (वडा नं.१७)

ख) बसपार्क देखि पश्चिम मुल सडकदेखि अटोभिलेजसम्म जाने सडक निर्माण (वडा नं.०९)

ग) बहुद्देश्य टोल अन्तर्गत दिपेन्द्र गल्ला पसल हुँदै चाँदनी टोलसम्म जाने सडक निर्माण (वडा नं.०७)

घ) आँखा अस्पताल चोकदेखि त्रिवेणी टोलसम्म नालासहित कालोपत्रे (वडा नं.०४)

ङ) महादेव टोलमा हेमराज मार्गदेखि शिवमन्दिर सम्मको सडक कालोपत्रे (वडा नं.०६)

च) मिलनचोक देखि छोटे गरञाको घरसम्म सडक निर्माण (वडा नं.०१)

छ) उत्तर कुरहरीयामा सडक कालोपत्रे (वडा नं.१६)

ज) वडा नं. ८ मा सभाहल निर्माण

झ) भगवती मन्दिरको नाममा रहेको जग्गामा सभाहल निर्माण (वडा नं.०६)

ञ) नवदुर्गा पार्क निर्माण (वडा नं.०९)

ट) हरियाली पार्क निर्माण (वडा नं.०८)

ठ) तुलसीपुर सुर्खेत सडक देखि भिमसेन मेट्रो अस्पताल जाने सडक कालोपत्रे (वडा नं.०८)

ड) कोट्टेडाँडा, गोट्टा करङ्गा हुँदै जनउभारचोक जोड्ने सडक कालोपत्रे (वडा नं. १४ र १५ )

२. आ.व. २०८२/०८३ मा सञ्चालन हुने आयोजनाहरु

क) शक्तिचोक हुँदै कुमालगाउँ सम्म जाने सडक स्तरोन्नति (वडा नं.०१)

ख) खैरिपुर हुँदै क्रसर उधोग जाने पक्की सडक निर्माण (वडा नं.०२)

ग) हरेवास हुँदै रासी राजमार्ग जोड्ने सडक अन्तर्गत पातुखोलामा पक्की पुल निर्माण (वडा नं.०३)

घ) बनहरी प्रतिक्षालयदेखि माझडाँडा हुँदै वडा कार्यालय ठूलाचौर मैदान हुँदै शारदा डाँगीको घरसम्म जाने सडक स्तरोन्नति(वडा नं.०४)

ङ) अरनिको मैदान पश्चिमतर्फ प्यारापिड निर्माण र पातुखोला करिडोर निर्माण (वडा नं.०५)

च) बरुवागाउँ भित्रि सडक स्तरोन्नति र पशुपति र सगरमाथा टोलमा नाला निर्माण (वडा नं.०६)

छ) सरस्ती टोल देखि रासी बबई टोलसम्म सडक नाला निर्माण (वडा नं.०६)

ज) वडाको रिङ रोड निर्माण (वडा नं.०६)

झ) रासी शान्ती पार्क देखि भुसेरी लालमटिया हुँदै बैत्राबती मन्दिर जाने सडकमा नाला निर्माण र कालोपत्रे (वडा नं.०७)

ञ) कटकुइया घारी बाटो कालोपत्रे र नाला निर्माण (वडा नं.०८)

ट) गौरीशंकर टोल हुँदै अटोभिलेज देखि कैलाशनगर मैनानगर जाने सडक निर्माण (वडा नं.०९)

ठ) पड्डा सानो गाउँको सडक कालोपत्रे र राईखलियान चौधरी गाउँको सडक कालोपत्रे (वडा नं.१०)

ड) उरहरी डवरा नमूना टोल वेलटाकुरा हुँदै सुकौरा दंगीशरण थारुराजाको दरबार जाने सडक कालोपत्रे र नाला निर्माण (वडा नं.११)

ढ) शान्तिमार्ग सडक कालोपत्रे (वडा नं. ११)

ण) उरहरीचोक देखि पूर्व कचिला कचिलि सडक निर्माण (वडा नं.१२ )

त) गिधनिया देखि पनालिबोट सम्मको दामोदर सडक कालोपत्रे (वडा नं. १३)

थ) भोजपुर स्कुल देखि वडा कार्यालय हुँदै खौसापुर पन्दनपुर सडक कालोपत्रे (वडा नं.१४)

द) डुरुवा चौधरी गाउँ देखि कन्ज्वार डवरी गनारी हुँदै मा.वि. भोजपर जोड्ने सडक कालोपत्रे र नाला निर्माण(वडा नं. १५)

ध) मा.वि. लक्ष्मीपुरबाट डोक्रेना जाने सडक स्तरोन्नति (वडा नं. १६)

न) जनता प्रा.वि.मजौ हुँदै गुरुयोजनासँग छुने सडक कालोपत्रे (वडा नं. १७)

ऩ) दुधरास लमही टोल मालिका कालिका पेट्रोल पम्प देखि उत्तर तर्फ जाने सडक कालोपत्रे (वडा नं.१८)

प) दोघरे टोल पल बहादुर खड्काको घरसम्म पक्की नाला र कालोपत्रे (वडा नं. १९ )

३. **आ.व. २०८३/०८४ मा सञ्चालन हुने आयोजनाहरु**

क) शक्तिचौक हुँदै कुमाल गाउँसम्मको सडक स्तरोन्नति (वडा नं. ०१ )

ख) पोटली देखि कुइरेपानी मनिकापुर कुलो हुँदै घोरवण्डा सुनौलो बिहानी टोल भमके तकियापुर खैरिपुर र लौवस्ता पक्की रिङरोड निर्माण (वडा नं. ०२ )

ग) दोघरे नाउला प्रतापकोट मखनटाकुरा सल्यान लुहाम जोड्ने सडक स्तरोन्नति (वडा नं. ०३ )

घ) हरनेटि देखि चमेरे गुफा मुलकोटसम्मको सडक स्तरोन्नति(वडा नं. ०४ )

ङ) सरस्वति टोलमा पक्की नाला निर्माण (वडा नं. ०५ )

च) मनैयाडाँडा हुँदै लिसा कम्पनी भोटे मार्ग हुँदै एमेल्ची जोड्ने सडक कालोपत्रे(वडा नं. ०७ )

छ) सुनवर्षा टंक गौतमको घर देखि घनश्याम ढकालको घरसम्म जाने सडक कालोपत्रे र नाला निर्माण (वडा नं. ०८ )

ज) भद्रकाली टोल सक्सेस बोडिङ देखि बिनोद अधिकारीको घरसम्मको सडक कालोपत्रे (वडा नं. ०९ )

झ) पड्वा हुँदै क्वाङ्गी जोड्ने सडक कालोपत्रे र नाला निर्माण (वडा नं. १० )

ञ) रजेना हुँदै जेष्ठ नागरिक भवनसम्म जाने सडक स्तरोन्नति (वडा नं. १२ )

ट) बखरिया स्कुल देखि पश्चिम झोलुङ्गे पुलसम्मको सडक स्तरोन्नति तथा पक्की नाला निर्माण (वडा नं. १३ )

ठ) कोठरी देखि लुहाडवरा हुँदै वडा कार्यालय जाने सडक कालोपत्रे (वडा नं. १४ )

ड) पारगनार मलवार हुँदै खैरेनि कुन्ज्वार जोड्ने सडक कालोपत्रे र नाला निर्माण (वडा नं. १५ )

ढ) लालपुरबाट पिप्रहवा हुँदै भितुरिया चोरखोली जाने सडकस्तरोन्नति (वडा नं. १६ )

ण) हेमन्तपुर देखि पहरुवासम्म जोड्ने सडक कालोपत्रे (वडा नं. १७ )

त) वडा कार्यालय हुँदै माथिल्लो हेमन्तपुर जोड्ने सडक कालोपत्रे (वडा नं. १८ )

थ) बिजौरी शान्ति टोलको सडक कालोपत्रे र नाला निर्माण (वडा नं. १५

द) धारापानी हुँदै हरियाली टोल गिरीराज शर्माको घरसम्मको सडक स्तरोन्नति (वडा नं. ०१ )

ध) न्युरोडको पछाडी रजौर कुलोमा पक्की नाला निर्माण (वडा नं. ०५ )

न) टिकरी टोल देखि जनसकिय जाने सडक कालोपत्रे (वडा नं. ०८ )

न) सिद्धिविनायक टोलमा नाला निर्माण र कालोपत्रे (वडा नं. ०९)

प) राधाकृष्ण टोलपूर्वको ठाडो बाटो र राधाकृष्ण भगवती टोल जोड्ने सडकमा पक्की नाला निर्माण (वडा नं. ०९ )

फ) गोलौरी सानोगाउँमा सडक कालोपत्रे र नाला निर्माण (वडा नं. १० )

ब) इलाका प्रहरी कार्यालयय फुलबारी देखि उत्तर मदन डि.सि.को घरसम्म निर्माण तथा ढोंगी चिसमा पुल निर्माण (वडा नं. १३ )

भ) गोठुवा मन्दिर देखि ऋषिराज गौतमको घरसम्म पक्की नाला निर्माण (वडा नं. १४ )

म) धमकापुर चोक देखि मलवार डवरा हुँदै नर बहादुर वलीको घरसम्मको सडकमा पक्की नाला निर्माण (वडा नं. १५)

य) कपडा देवी बेलझुण्डी बाटोबाट मजगाउँ जाने सडक स्तरोन्नति (वडा नं. १६ )

र) बघौसी पिपल चौतारा देखि सुनडवरी जाने सडक स्तरोन्नति (वडा नं. १७ )

र) हेमन्तपुर मनिकापुर सातकुले र अकासी जोड्ने सडकको सङ्क्राम खोलामा पक्की पुल निर्माण (वडा नं. १८ )

ल) मा.वि.सङ्क्राम देखि भित्री सङ्क्रामसम्म पक्की नाला सहित सडक कालोपत्रे (वडा नं. १९)

निर्णय नं. १९ विभिन्न मितिमा टेण्डर आव्हान भई ठेक्कामा नगएका तपसिल बमोजिमका आय ठेक्काहरुको विषयमा थप छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

तपसिल

क) बबई नदी क्षेत्रको घाटगद्दी तुलसीपुर १३

ख) गुहारखोला क्षेत्रको घाटगद्दी तुलसीपुर १३

ग) भमके खोलाको बटोलपुर क्षेत्रको घाटगद्दी तुलसीपुर उ.म.न.पा. ८ र २

घ) पत्रे खोला र हापुर खोला दोभान क्षेत्र (हापुर खोला कोठरी पुल देखि दक्षिण वडा नं. १५ र १७ क्षेत्रवाट १२८०० घनमिटर)

ङ) बबई क्षेत्र अन्तर्गत भोजपुर घाट क्षेत्र वडा नं. १४ मा १०००० घन मिटर

च) गोठुवा गनार बबई नदी र ग्वारखोला दोभान क्षेत्र वडा नं. १४मा १०५०० घन मिटर

छ) तुलसीपुर उ.म.न.पा. ५ बसपार्क क्षेत्र पशु बधशालाको (मासु मण्डी) सटर भाडा ।

ज) तुलसीपुर उ.म.न.पा. ५ बसपार्क क्षेत्र साझा बजारको सटर भाडा ।

झ) तुलसीपुर उ.म.न.पा. ५ बसपार्क क्षेत्रको आलुमण्डी सटर भाडा ।

ञ) तुलसीपुर उ.म.न.पा. ५ बसपार्क क्षेत्रको सरसफाई पार्क गाडी धुलाई भाडा ।

२०७८।७।१४

निर्णय नं.२० तुलसीपुर उपमहानगरपालिकामा सरसफाई तथा [illegible] व्यवस्थापनमा खटिएका कर्मचारीहरुले कार्यालय समयको अतिरिक्त समयमा [illegible] काम गर्नु पर्ने भएमा खाजा खाना खर्च बापत प्रतिदिन रु. ३५०।–(तिन सय पचास रुपैयाँ) मात्र सम्वन्धित शाखाको सिफारिसमा उपलब्ध गराउने ।

निर्णय नं. २१ हलुका सवारी चालकहरुलाई काजमा खटिएको काज अवधि कट्टा गरी मासिक अधिकतम रु. ५०००।– (पाँच हजार) खाना/खाजा खर्च २०८१ मंसीर महिना देखि लागू हुने गरी सम्वन्धित शाखाको सिफारिसमा उपलब्ध गराउने ।

निर्णय नं. २२ तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तहवृद्धि सम्वन्धी कार्यविधि, २०७८ अनुरुप बढुवा गरिएका कर्मचारीहरुको सम्मानित उच्च अदालत तुलसीपुरको मिति २०८०।१२।२६ को फैसला र यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल सम्पर्क कार्यालय, नेपालगंजको उजुरी र तत् सम्बन्धी छानविन गर्ने पटक पटकको पत्रलाई मध्यनजर गर्दै उक्त कार्यविधि २०७८ अनुरुप बढुवा गरिएका कर्मचारीहरुको सम्बन्धमा सम्मानित उच्च अदालत तुलसीपुरको रिट खारेज सम्बन्धी आदेशलाई सम्मान गर्दै सम्मानित सर्वोच्च अदालतमा निवेदन दर्ता गराएका कर्मचारीहरुको हकमा उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट पछि आदेश भइ आएमा सोही वमोजिम गर्ने गरी हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भावना र सम्मानित उच्च अदालत तुलसीपुरको आदेशको मर्म अनुरुप कार्यान्वयन गर्ने ।

निर्णय नं. २३ लोकसेवा आयोग दाङ कार्यालयको प.सं.०७६/०७७, च.न. ६९६, मिति २०७६/१२/१० को पत्रानुसार यस कार्यालयमा नियुक्ति तथा पदस्थापना भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७६/०७७, च.न. ५६१, मिति २०७७/०२/१४ को दोहोरो सहमतिको पत्रानुसार रासकोट नगरपालिका कार्यालय, कालिकोटमा कामकाजमा खटाइएका इन्जिनियरिङ्ग सेवा, सिभिल समूहका असिष्टेन्ट सव-इन्जिनियर सहायक चौथो तहका कर्मचारी श्री कलम सार्की (सङ्केत नं २४३५४४) लाई हाल कर्णाली प्रदेशको स्थानीय सेवाको गठन सञ्चालन र सेवा शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१को दफा १३६मा भएको पदस्थापन सम्बन्धी विशेष व्यवस्था वमोजिम यस तुलसीपुर उपमहानगरपालिका दाङबाट निज कार्यरत रही कामकाज गरिरहेको स्थानीय तह रासकोट नगरपालिका कालिकोटमा पदस्थापन तथा सरुवा भई जानकालागि सरुवा सहमति दिने ।

महेन्द्र बहादुर [illegible]
प्रमुख प्रशासकीय अ[illegible]

दिव्यराज [illegible]
नगर प्रमुख